**यस समारोहका सभाध्यक्ष्य महोदय, प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यू,आमन्त्रित अतिथिज्यूहरु,क्याम्पस सभाका सदस्यज्युहरु,क्याम्पस संचालन समितिका संस्थापक सदस्यहरु तथा वर्तमान सञ्चालक समितिका सदस्यज्युहरु, यस क्याम्पस सेवा क्षेत्रभित्रका माध्यामिक तह व्यवस्थापन समितिका अध्यक्ष तथा प्रधानाध्यापकज्युहरु साथै अभिभावक,शिक्षक,कर्मचारी तथा विद्यार्थी एव्म उपस्थित अन्य महानुभावहरु सबैमा यस क्याम्पसको तर्फबाट हार्दिक स्वागत सहित अभिनन्दन व्यक्त गर्दछु र यस क्याम्पसको १३ औ क्याम्पस सभाको आर्थिक भौतिक तथा शैक्षिक प्रतिवेदन तपाईहरु समक्ष पेस गर्दछु ।**

## १. संक्षिप्त ऐतिहासिक पृष्ठभूमि

कर्णाली प्रदेश मुलुककै एक अनुपम क्षेत्र हो । यस प्रदेशमा १० वटा जिल्लाहरु पर्दछन् । यहाँको रमणीय प्राकृतिक दृश्य, जैविक विविधता, अध्ययन अध्यापनका लागी अनुकुल हावापानीका कारण सबै जिल्लाका लागी आकर्षणको केन्द्रका रुपमा रहदै आएको छ । यस क्याम्पसको सेवाक्षेत्र सामाजिक, आर्थिक, र साँस्कृतिक विविधताले धनी क्षेत्र रहेको छ । आदिबासी जनजाती, बाहुन, क्षेत्री, मधेसी, दलीत लगायतको विविधतापूर्ण बसोबास रहदै आएको छ । जसका मूल्य मान्यता, परम्परा र विश्वासमा विविधता रहेतापनि सामाजिक सद्भाव र सहिष्णुताले यहाँको सामाजिक एकता र सचेतनाको स्तर माथि रहेको देखिन्छ । अनुकूल वातावरणीय अवस्था सामाजिक आर्थिक र साँस्कृतिक गतिशीलता तथा सीमावर्ती क्षेत्रको प्रभावका कारण यस क्षेत्रका जनता परम्परादेखि नै शिक्षाप्रेमी रहदै आएको पाइन्छ । देशका अन्य जिल्ला र क्षेत्रको तुलनामा यहाँको शैक्षिक स्तर कमजोर रहेको अवस्था छ । शिक्षा क्षेत्रमा लागनी गर्नु पर्दछ भन्ने भावना अधिकांश जनतामा  रहेको पाइएता पनि भौगोलिक विकटता, आर्थिक अवस्थाको प्रतिकुलताको कारण गुणस्तरीय शैक्षिक उन्नति भएको पाईदैन । जसलाई मध्यनजर गर्दै यस क्याम्पसको सेवा क्षेत्र भित्रका माध्यामिक तहको संख्या बढ्दै गएको हुँदा गुणस्तरीय उच्च शिक्षाको सम्भावनालाई मध्यनजर गर्दै विगत १३ वर्ष देखि यस क्षेत्रमा उच्च शिक्षाको अवसर प्रदान गर्दै आएको यस क्याम्पसलाई आजको अवस्था सम्म ल्याइपुऱ्याउन यही क्षेत्रका शिक्षाप्रेमी,सामाजसेवी,वुद्धिजिवी नागरिक, समर्पित प्राध्यापक, कर्मचारी, विद्यार्थीहरुको सहयोगी र शुभेच्छुकहरुको हात रहेको छ । आगामी दिनमा समेत यसलाई अझ समुन्नत र समृद्ध बनाउन यहाँको भौगोलिक, सामाजिक, आर्थिक, सांस्कृतिक र शैक्षिक अवस्था र विशिष्टताले साथ दिइरहने कुरामा दुईमत छैन ।

हिमशिखर बहुमुखी क्याम्पस सञ्चालनका लागि तत्कालिन रामघाट गा.वि.स. को २०६७/०६८ र २०६८/०६९ को गाउ परिषद्को निर्णयानुसार शिखर मा.वि. रामघाट सुर्खेतको भौतिक संरचना प्रयोग गर्नेगरी र क्याम्पस सञ्चालन सम्बन्धन एवं भौतिक संरचना निर्माणका लागि रु. १०,६३,५९४।२५ रकम क्याम्पसको आधिकारिक सम्बन्धन तथा खाता सञ्चालन नभएको हुँदा शिखर मा.वि. रामघाटको खातामा जम्मा गरी सो विद्यालयको खाता मार्फत रु. १,००,०००। पहिलो पटक र रु. १०,३१,०००। गरि जम्मा रु. ११,३१,०००। उक्त विद्यालयबाट प्राप्त भई सोही रकमबाट क्याम्पस सम्बन्धनका लागि २०६९ मा वि.एड सम्बन्धन ल्याउदा धरौटी वापत् ६ लाख ५० हजार र सम्बन्धन खर्च २ लाख गरी जम्मा ८ लाख ५० हजार साथै २०७० सालमा वि.वि.एस सम्बन्धन ल्याउदा गा.वि.स.को रकम ५ लाख मध्ये २ लाख धरौटी वापत खर्च र ३ लाख अन्य खर्च भएको यस क्याम्पसको आम्दानी खर्च लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरीएको छ । र तत्कालीन क्याम्पस व्यवस्थापन समितिले अनुमोदन गरेको छ । यसरी माथि उल्लेखित रकम मध्ये रु. १० लाख रुपैया शिखर मा.वि.को लेखापरीक्षण प्रतिवेदनमा हाल सम्म पनि क्याम्पसको नाममा पेश्की देखिन आएको हुदा तत्कालीन सर्वदलिय समितिको निर्णय र यस क्याम्पसको पुर्व निर्णय अनुसार फरफारका लागि शिखर मा.वि. रामघाटमा आवश्यक विल भरपाई पेश गरिएको छ । उक्त रकम फरफारका लागि शिखर मा.वि. रामघाट लाई पुन अनुरोध गरिनेछ । स्थापना मिति २०६९/८/१७ गते देखि जम्मा ४७ जना विद्यार्थीहरुबाट ३ वर्षे वि. एड्. संकाय सञ्चालन गरि तत्कालिन गाउ शिक्षा समिति रामघाटबाट रु. ५,००,०००। सापटी स्वरुप प्राप्त भई त्रिभुवन विश्वविद्यालयको २०७०/८/१९ गतेको प्राप्त पत्रानुसार सम्बन्धन प्राप्त गरि व्यवस्थापन संकायमा २१ जना विद्यार्थीहरुबाट कक्षा सञ्चालन भई हाल दुवै संकाय गरि करिब २४३ जना विद्यार्थीहरु अध्ययनरत रहेको अवस्था छ भने १८ जना शिक्षक कर्मचारीहरु कार्यरत रहेको अवस्था छ । साथै क्याम्पस शुरुवाती

अवस्थामा यस क्याम्पसका विद्यार्थीहरुको पठनपाठनलाई सहजीकरण गर्न लेकवेशी न.पा. वडा नं. ४ बस्ने समाजसेवी श्री तोयानाथ शर्मा को पहलमा उहाँका छोराहरु धनीराम शर्मा र हरिप्रसाद शर्मा ले करिब ८४,०००। बराबरका पुस्तकहरु निशुल्क रुपमा उपलब्ध गराई यस क्याम्पसका विद्यार्थीहरुको लागि ठूलो सहयोग रहेको छ । २०७४ भाद्र देखि भेरीगंगा नगरपालिकाको अख्तियारी ईजाजत अनुसार सेवा केन्द्रका २ वटा भवनमा कक्षा सञ्चालन गरि भेरीगंगा नगरपालिका, विश्वविद्यालय अनुदान आयोग, संघ सरकार, कर्णाली प्रदेश सरकार तथा विभिन्न सरकारी निकायहरुको करिब रु. २,२०,००,०००। बराबरको भौतिक संरचना तयार गरी नियमित पठन पाठन र प्रशासनिक कार्य हुदै आईरहेको अवस्थामा यस हिमशिखर बहुमुखी क्याम्पस संचालक समितिको पुर्व योजना अनुसार कृषि क्याम्पस संचालनको लागि उक्त संरचना भेरीगंगा नगरपालिका,लेकवेशी नगरपालिका एवं सर्वदलीय समिति, कर्णाली प्रदेश माननीयहरु, क्याम्पस सञ्चालक समिति र मध्यपश्चिमाञ्चल विश्वविद्यालय सहितको सम्झौतामा कृषि विज्ञान केन्द्रिय क्याम्पस तथा डिनको कार्यालय सञ्चालनका लागि लागि मध्यपश्चिमाञ्चल विश्वविद्यालय लाई हस्तान्तरण भैसकेको हुँदा यस हिमशिखर बहुमुखी क्याम्पसको लागि नयाँ भवन तथा अन्य भौतिक संरचना तयार गरि कक्षा व्यवस्थित गर्न तत्काल जरुरी देखिएको हुदा सहमति अनुसार भेरीगंगा न.पा. ११ को सेवा केन्द्र नजिक रहेको नगरपालिका मातहतको जग्गामा क्याम्पसका भौतिक संरचनाहरु निर्माणका लागि आ.व. २०७९/०८० मा भेरीगंगा नगरपालिका बाट रु. ३५ लाख र २०८०/०८१ मा रु.५० लाख गरी जम्मा ८५ लाख उपभोक्ता समिति मार्फत र आ.व.२०७९/८० मा विश्वविद्यालय अनुदान आयोग बाट रु.५० लाख रकम प्राप्त भई प्राविधिक लागत स्टामेट अनुसार टेन्डर प्रकृयाबाट १४ कोठे भवन सम्पन्न भई शैक्षिक र प्रशासनिक कार्य सञ्चालन भई रहेको अवस्थामा क्याम्पसको भौतिक अवस्थालाई मध्यनजर गर्दे पुन क्याम्पसको भवन निर्माण अनुदान प्रस्ताव पत्र माग अनुसार आ.व.२०८०/०८१ मा विश्वविद्यालय अनुदान आयोग बाट रु.७० लाख रकम प्राप्त भई प्रविधिक लागत स्टमेट अनुसार टेन्डर प्रकृया द्धारा १४ कोठे २ वटा भवन माथि थप ५ वटा कोठा,३ आईटी कक्ष र करिब ३०० जना जति अटन सकिने एक सभाहल सहितको भवन निर्माण कार्य सम्पन्न भई नियमित पठन पाठन र प्रशासनिक कार्य नियमित सञ्चालन भईरहेको छ । साथै क्याम्पसको शैक्षिक र प्रशासनिक कार्यलाइ सु-व्यवस्थीत गर्नको लागि सौचालय निर्माण,खानेपानी ट्यांकी र पाइपलाईन विस्तार,ट्रस निर्माण विद्युतिय वाइरिंग,सामाग्री खरिद स्टेज निर्माण र क्याम्पस आउने बाटो निर्माण क्याम्पसको आन्तरिक श्रोतबाट रु.८ लाख ५० हजार बरावरको लागतमा संरचना निर्माण गरिएका छन । साथै कार्यालय व्यवस्थापनका लागि आन्तरिक श्रोतबाट कार्पेट,कुर्चि र र्‍याकहरु खरिद गरिएको छ ।

यसरी क्याम्पस स्थापना तथा सञ्चालनमा अतुलनिय भौतिक, आर्थिक, नैतिक रुपमा सहयोग गर्ने श्री शिखर मा.वि. रामघाट सुर्खेत, पाठ्यपुस्तक सहयोग गर्ने लेकवेशी नगरपालिका वडा नं. ४ बस्ने तोयानाथ शर्मा लगायत उहाँका छोराहरु, भेरीगंगा नगरपालिका, यस निर्वाचन क्षेत्रका संघीय र प्रदेश माननीयहरु, विश्वविद्यालय अनुदान आयोग, कर्णाली प्रदेश सामाजिक विकास मन्त्रालय,सामुदायिक अध्ययन केन्द्र साथै पूर्व तथा निवर्तमान व्यवस्थापन समिति,भवन निर्माण व्यवसायी सबैमा यस हिमशिखर बहुमुखी क्याम्पस भेरीगंगा ११ रामघाट सुर्खेतको तर्फबाट हार्दिक सम्मान व्यक्त गर्दछु । साथै माथि उल्लेखित सहयोग गर्ने निकायहरुबाट थप सहयोग प्राप्त हुने कुरामा आशावादी छौं । यस क्षेत्रमा कर्णाली प्रदेशको भेरीगंगा नगरपालिकालाई शिक्षा क्षेत्रको हब बनाउने उद्धेश्यका साथ अथक एवं लामो प्रयास पछि यस नगरपालिका अन्तर्गतका राजनितिक व्यक्तित्व, जनप्रतिनिधि, समाजसेवी, व्यापारी, बुद्धिजिवि एवं यस क्याम्पस व्यवस्थापन समितिका निवर्तमान एवं पूर्व पदाधिकारी सदस्यहरु, शिक्षक कर्मचारीहरु एवं विद्यार्थीहरुको सकारात्मक सोचका कारण हाल त्रिभुवन विश्वविद्यालय बाट सञ्चालित हिमशिखर बहुमुखी क्याम्पसको २५ कोठाको नवनिर्मित भवन, ४ कोठे निर्माणधिन भवन सहितको संरचनाहरु मध्यपश्चिमाञ्चल विश्वविद्यालयलाई हस्तान्तरण गरी यस क्षेत्रको एवं कर्णाली प्रदेशकै एक मात्र सरकारी स्तरको कृषि विज्ञान क्याम्पस एवं डिनको कार्यालय २०७८ साल देखि नै स्थापना भएको हुँदा यस क्षेत्रमा कृषि क्षेत्रको विकास एवं रोजगारीको अवसर प्राप्त हुने देखिएको छ ।

अब उप्रान्त हिमशिखर बहुमुखी क्याम्पसको भौतिक संरचनाहरु अर्न्तगत शैक्षिक १४ वटा कोठा, प्रशासनिक ४ वटा कोठा,आईटी कक्ष ३ वटा कोठा,पुस्तकालय १ वटा कोठा र १ सभाहल निर्माण कार्य सम्पन्न भई प्रयोगमा आईसकेको साथै छात्रावास एंम कर्मचारी निवास निर्माण गर्नुपर्ने भएकोले भेरीगंगा नगरपालिका, कर्णाली प्रदेश सरकार, संघिय सरकार, विश्वविद्यालय अनुदान आयोगलाई आजसम्मको सहयोगको लागि धन्यवाद दिदै थप सहयोगका लागि अनुरोध गर्दछु ।

हाल हिमशिखर बहुमुखी क्याम्पस सामुदायिक (पब्लिक) भएको विद्यार्थीहरुको शुल्क नै आर्थिक आधार भएको हुँदा समग्र परिस्थिति अनुसार शिक्षक कर्मचारीहरुको सुविधा व्यवस्थापन गर्न कठिन हुने भएकोले मध्यपश्चिमाञ्चल विश्वविद्यालयको आंगिक क्याम्पसको रुपमा समायोजनका लागि सम्बन्धित पक्षसँग कार्य प्रक्रिया अगाडी बढाउने कार्यक्रम रहेको छ ।

## २. **शैक्षिक कार्यक्रम**

हाल यस क्याम्पसमा स्नातक तहमा शिक्षाशास्त्र र व्यवस्थापन संकायको पठनपाठन भइरहेको छ । साथै यस क्षेत्रको तुलनात्मक लाभ र सामाजिक आर्थिक तथा सांस्कृतिक विशिष्टता र आवश्यकतानुसार कार्यक्रम थप गर्दै जानुपर्ने आवश्यकता रहेको छ । यसका लागि दुबै संकायमा स्नातकोत्तर (मास्टर्स डिग्रि) र शिक्षा शास्त्र संकायमा विषय थप गर्दै जानुपर्ने देखिएकाले त्रिभुवन विश्वविद्यालयको कार्यक्रम थपको सूचना अनुसार क्याम्पस सञ्चालक समितिको बैठकमा जन प्रतिनिधि,राजनितिक दल,सामजसेवी,बुद्धिजिवि र सेवाक्षेत्रका विद्यालयका प्रधानाध्यापकहरु लगायत स्टाफ तथा कर्मचारीहरु विच व्यापक अर्न्तरक्रिया गरी राय,सल्लाह सुझाव संकलन गरी आवश्यक प्रक्रिया पुरा गरी अगाडी बढनुपर्ने देखिन्छ ।

### २.१ **पाठ्यक्रम व्यवस्थापन**

यो क्याम्पस त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त भएकोले त्रि.वि बाट स्वीकृत पाठ्यक्रमकै आधारमा पठनपाठन कार्य सञ्चालन भईरहेको छ ।

### २.२ **विद्यार्थी प्रवाह र संरचना**

शैक्षिक सत्र २०८१/०८२ को अभिलेख अनुसार हाल यस क्याम्पसमा २ वटा संकायमा जम्मा २४३ विद्यार्थीले उच्च शिक्षा हासिल गरिरहेका छन् । जसमध्ये ७२ प्रतिशत छात्रा र २८ प्रतिशत छात्र रहेका छन् । विद्यार्थी विवरणको तालिकालाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

विद्याथी विवरण :

| क्र.सं. | संकाय | विद्यार्थी विवरण | | जम्मा |
|---|---|---|---|---|
| | | छात्रा | छात्र | |
| १ | बि.ए.ड प्रथम बर्ष | ४२ | १० | ५२ |
| २ | बि.ए.ड दोस्रो बर्ष | ३९ | २० | ५९ |
| ३ | बि.ए.ड तेस्रो बर्ष | २७ | १० | ३७ |
| ४ | बि.एड चौथो वर्ष | २० | ०४ | २४ |
| ५ | बि.बि.एस प्रथम बर्ष | १७ | ०९ | २६ |
| ६ | बि.बि.एस दोस्रो बर्ष | ११ | ०७ | १८ |
| ७ | बि.बि.एस तेस्रो बर्ष | १५ | ०४ | १९ |
| ८ | बि.बि.एस चौथो बर्ष | ०५ | ०३ | ०८ |
| | जम्मा | १७६ | ६७ | २४३ |

## २.३ विद्यार्थी उर्त्तिण दर

यस हिमशिखर बहुमुखी क्याम्पस भेरीगंगा ११ रामघाट,सुर्खेतको परीक्षा केन्द्र गुर्भाकोट बहुमुखी क्याम्पस सहारेमा सञ्चालन हुने गर्छ जस अनुसार २०८१ सालको परीक्षामा चार वर्षे स्नातक तह वि.एड र वि.वि.एस प्रथम,दोस्रो,तेस्रो र चौथो वर्षको परीक्षामा सहभागी भएका विद्यार्थीहरुको उर्त्तिण दर त्रिभुवन विश्वविद्यालयको औसत नतिजाको नजिक नजिक पुग्ने गरेको छ । जुन उर्त्तिण दर तपसिल अनुसार रहेको छ ।

| क्र. सं | संकाय | विद्यार्थी विवरण (२०८१) | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | दलित | | जनजाति | | अन्य | | |
| | | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | |
| १ | बि.ए.ड प्रथम बर्ष | ०३ | ०० | ०२ | ०० | १२ | ०४ | २१ |
| २ | बि.ए.ड दोस्रो बर्ष | ०४ | ०० | ०० | ०० | ०२ | ०३ | ०९ |
| ३ | बि.ए.ड तेस्रो बर्ष | ०२ | ०१ | ०० | ०० | ०६ | ०१ | १० |
| ४ | बि.एड चौथो वर्ष | ०२ | ०० | ०१ | ०० | ०४ | ०० | ०७ |
| ५ | बि.बि.एस प्रथम बर्ष | ०० | ०१ | ०१ | ०० | ०१ | ०१ | ०४ |
| ६ | बि.बि.एस दोस्रो बर्ष | ०० | ०० | ०० | ०० | ०१ | ०० | ०१ |
| ७ | बि.बि.एस तेस्रो बर्ष | ०० | ०० | ०० | ०० | ०१ | ०० | ०१ |
| ८ | बि.बि.एस चौथो बर्ष | ०१ | ०० | ०० | ०० | ०२ | ०० | ०३ |
| जम्मा | | १२ | ०२ | ०४ | ०० | २९ | ०९ | ५६ |

## २.४ मानव संसाधनको अवस्था

यस क्याम्पसमा क्याम्पस प्रशासन पदाधिकारी, प्राध्यापक, र कर्मचारी लगायतका मानवीय संसाधन कार्यरत रहदै आएका छन् । जस अनुसार क्याम्पस प्रमुख १ जना, सहायक क्याम्पस प्रमुख १ जना, शिक्षाशास्त्र संकाय र व्यवस्थापन संकायका विभागीय प्रमुखहरु २ जना, प्राध्यापक ११ जना र कर्मचारीहरु ३ जना गरी जम्मा १८ जना रहेका छन् । विभिन्न विषयगत अल्पकालीन तालिमका अवसरहरुमा समेत सहभागीताका लागि अवसर प्रदान गरिदै आइएको छ । स्नातकोत्तर गरेका प्राध्यापकहरु कार्यरत रहेका छन् । यस बाहेक प्राध्यापक तथा कर्मचारीहरुका लागि आधुनिक प्रविधि लगायतका क्षेत्रमा क्रमशः क्षमता र दक्षता हासिल गर्दै जाने रणनीति लिइदै आएको छ । भविष्यमा लागत प्रभावकारिताका आधारमा स्थानीय विशिष्टताका क्षेत्रमा प्राध्यापक, विद्यार्थी, कर्मचारी र अन्यलाई समेत अल्पकालीन प्रकृतिका क्षमता अभिवृद्धि तालिमहरुको पहिचान र सञ्चालन गर्दै जानुपर्ने आवश्यकता समेत रहेको छ ।

मानव संसाधनसम्बन्धी विस्तृत विवरण निम्नानुसार उल्लेख गरीएको छ ।

| क्र.स | शिक्षक विवरण | पद /बिषय | योग्यता | कैफियत |
|---|---|---|---|---|
| १. | धनसिह खडका | क्याम्पस प्रमुख (नेपाली) | एम.एड | |
| २. | बालकृष्ण बुढा | सहायक क्याम्पस प्रमुख (स्वास्थ्य) | एम.एड | |
| ३. | लाल बहादुर खडका | विभागीय प्रमुख (शिक्षा) (अंग्रेजी) | एम.एड | |
| ४. | हिरालाल पाण्डेय | बिभागीय प्रमुख(ब्यबस्थापन) (लेखा) | एम.बि.एस | |
| ५. | टिकाराम पौडेल | नेपाली | एम.एड | |

| | | | | |
|---|---|---|---|---|
| ६. | चन्द्रलाल चपाई | शिक्षा | एम.एड | |
| ७. | मोहन पौडेल | शिक्षा | एम.एड | |
| ८. | ऋषिराम ज्ञवाली | ब्यबस्थापन | एम.बि.एस | |
| ९. | ऋतुराज बराल | ब्यबस्थापन | एम.बि.ए | |
| १०. | भक्त बहादुर बुढा | ब्यबस्थापन | एम.बि.एस | |
| ११. | मिन बहादुर वली | नेपाली | एम.एड | |
| १२. | मदन पुन | गणित | एम.एड | |
| १३. | तुल बहादुर रावत | नेपाली | एम.एड | |
| १४. | दिपेन्द्र डाङ्गी | जनसंख्या तथा स्वास्थ्य | एम.एड | |
| १५. | जनक बहादुर सिहं | नेपाली | एम.एड | |
| १६. | प्रकाश धौलाकोटी | लेखा सहायक | +२ | |
| १७. | लोकेन्द्र आचार्य | प्रशासन सहायक | +२ | |
| १८. | कविता शाही | कार्यालय सहयोगी | साक्षर | |

### २.५ सञ्चालक समिति

यस क्याम्पसको वर्तमान क्याम्पस व्यवस्थापन समिति :

| क्र.स | नाम/ थर | पद | ठेगाना |
|---|---|---|---|
| १. | महेन्द्र प्रसाद जैसी | अध्यक्ष | निर्वाचित भेरीगंगा १३ सुर्खेत |
| २. | यज्ञ प्रसाद ढकाल | सदस्य | पदेन भेरीगंगा नगर प्रमुख |
| ३. | जय बहादुर नेपाली | सदस्य | पदेन वडा अध्यक्ष भेरीगंगा ११ |
| ४. | जसबिर चन्द | सदस्य | पदेन संस्थापक क्याम्पस अध्यक्ष भेरीगंगा ११ |
| ५. | राधा ढकाल | सदस्य | त्रि.वि. प्रतिनिधि |
| ६. | झक बहादुर डाङ्गी | सदस्य | शिक्षाप्रेमी तथा समाजसेवी भेरीगंगा १२ |
| ७. | लालसिंह बुढा | सदस्य | बुद्धिजीवी भेरीगंगा ६ |
| ८. | याम बहादुर नेपाली | सदस्य | निर्वाचित भेरीगंगा १२ |
| ९. | रामराज खड्का | सदस्य | बुद्धिजीवी भेरीगंगा २ |
| १०. | तोयानाथ शर्मा | सदस्य | समाजसेवी लेकवेशी ४ |
| ११. | रत्ना चन्द | सदस्य | निर्वाचित भेरीगंगा ११ |
| १२. | रत्न बहादुर अधिकारी | सदस्य | उद्योग वाणिज्य संघ प्रतिनिधी भेरीगंगा १२ |
| १३. | टार्जन कुमार वली | सदस्य | बुद्धिजिवी तथा समाजसेवी |
| १४. | नारायण प्रसाद तिवारी | सदस्य | माध्यामिक तहको प्र.अ.मध्ये |
| १५. | कर्ण बहादुर शाही | सदस्य | समाजसेवी भेरीगंगा ११ |
| १६. | टिकाराम सुवेदी | सदस्य | माध्यामिक तहका अध्यक्ष मध्ये |
| १७. | मिना रावत | सदस्य | स्ववियु सभापति भेरीगंगा ११ |
| १८. | धनसिंह खड्का | सदस्य सचिव | क्याम्पस प्रमुख भेरीगंगा ११ |

## २.६ शिक्षण विधि

यस क्याम्पसमा शिक्षणका प्रमुख विधि भनेको प्रवचन विधि नै हो । प्रवचन विधिका अतिरिक्त प्रश्नोत्तर, छलफल, समूह कार्य, परियोजना कार्य, अवलोकन, शैक्षिक भ्रमण र मिश्रित विधिहरु विषयको प्रकृति र स्रोत साधनको उपलब्धताका आधारमा अपानाइदै आइएको छ । यद्यपि शिक्षण विधिलाई अझै सिकाईमैत्री बनाउन सुधार र विस्तार गर्दै जानु आवश्यक महसूस गरिएको छ । सिकाईलाई थप प्रभावकारी बनाउन मल्टिमिडियाको माध्यमबाट पठनपाठन शुरुवात गरिएको छ ।

## २.७ शिक्षणको माध्यम

यस क्याम्पसमा नेपाली र अंग्रेजी दुवै भाषाको माध्यमबाट अध्यापन गराइदै आइएको छ । तर फरक फरक माध्यममा अध्ययन गर्ने विद्यार्थीहरुलाई एउटै कक्षामा राखेर अध्यापन गर्ने गरिन्छ । आगामी दिनमा पर्याप्त कक्षाकोठा र जनशक्ति उपलब्ध भएमा शिक्षणको माध्यम अनुसार बेग्लाबेग्लै कक्षा कोठाको व्यवस्था गर्ने तर्फ क्याम्पसले सोच बनाएको छ । भने क्याम्पसमा डिजिटलाईजेसन कार्यक्रम लागु भइसके पछि केहि विषयहरु डिजिटल माध्यम बाट पठन पाठन सुरुवात गरिएको छ भने वाकि विषयहरुलाई पनि शुरुवात गर्ने योजनामा रहेको छ ।

## २.८ विद्यार्थी शिक्षकको अनुपात

यस क्याम्पसको अभिलेख (२०८१/०८२) अनुसार कूल विद्यार्थी संख्या २४३ जना रहेको छ भने हाल यस क्याम्पसमा २ करार र अन्य १३ जना आंशिक गरी जम्मा १५ जना  प्राध्यापकहरु र ३ जना कर्मचारीहरु गरि जम्मा १८ जना संख्या रहेको छ । जसअनुसार यस क्याम्पसमा हाल करिब १६ जना विद्यार्थी बराबर १ प्राध्यापक रहेको देखिन्छ ।

## २.९ परीक्षा र मूल्यांकन प्रणाली

हिमशिखर बहुमुखी क्याम्पस भेरीगंगा रामघाट,त्रिभुवन विश्वविद्यालयको सम्बन्धन प्राप्त क्याम्पसका रुपमा रहेको हुदा त्रि.वि.कै प्रचलन अनुसारको सैद्धान्तिक लिखित र मौखिक परीक्षा प्रणाली अपनाउदै आएको छ । जसअनुसार स्नातक तहमा वार्षिक परीक्षा प्रणाली रहेको छ । त्रि.वि.ले सञ्चालन गर्ने परीक्षा र विषयगत पाठ्क्रम र मूल्यांकन प्रणालीका आधारमा क्याम्पसको आन्तिरक,मुल्यांकन,अभ्यास शिक्षण, परियोजना कार्य, शैक्षिक भ्रमण लागयतका प्रयोगात्मक मुल्यांकन प्रणाली समेत अपानाइदै आएको छ ।

## २.१० संघ, संगठन, युनियन, सञ्जाल र क्लवहरु

यस क्याम्पसमा नेपाल प्राध्यापक संघ, स्वतन्त्र विद्यार्थी यूनियन, र त्रि.वि. कर्मचारी संगठन जस्ता प्रतिनीधिमूलक संस्था क्रियाशील रहदै आएका छन् भने यस बाहेक विभिन्न विचार धाराका विद्यार्थी, प्राध्यापक, कर्मचारी संघ/संगठन, युवा रेडक्रस सर्कल, समूह, सञ्जाल र क्लवहरु समेत रहेका छन् । क्याम्पसको संस्थागत समृद्धिका लागि यी संघ/संस्थाहरुले समेत रचनात्मक भूमिका निर्वाह गरिरहेका छन् । क्याम्पसको दीर्घकालीन समृद्धिका लागि यी संघ/संगठनहरुवीच पारस्पारिक विश्वास, एकता र समझदारीको विकास गर्दै लैजानु पर्ने आवश्यकता समेत रहेको छ ।

## २.११ शैक्षिक सामग्रीको प्रयोग

विषयको प्रकृतिका आधारमा अत्यावश्यक शैक्षिक सामग्रीहरुको प्रयोग हुदै आएको भएतापनि शिक्षण सिकाईलाई प्रभावकारी बनाउन पर्याप्त शैक्षिक सामग्रीहरुको अभाव रहदै आएको छ । कम्प्युटर लगायतका आधुनिक प्रविधिको अभावमा विभिन्न विषयका कक्षाहरुलाई प्रभावकारी बनाउन सकिएको छैन । स्वास्थ्य र शारीरिक शिक्षा, अनुसन्धान लगायतका विषयहरुमा आवश्यक आधारभुत शैक्षिक सामग्री र उपकरणहरुको अभाव रहेको छ । आगामी दिनमा यी शैक्षिक सामग्री र उपकरण्हरुको सुविधा उपलब्ध गराउन सके शिक्षण सिकाइलाई प्रभावकारी बनाउनुका साथै शैक्षिक स्तरमा समेत पर्याप्त सुधार गर्न सकिने सम्भावना रहेको छ ।

**२.१२ समतामा आधारित कार्यक्रम :**

यस हिमशिखर बहुमुखी क्याम्पस भेरीगंगा ११ रामघाट,सुर्खेतमा विश्वविद्यालय अनुदान आयोग बाट आ.व. २०८०/०८१ मा प्राप्त अनुदान रकम रु.८ लाख बाट छोटो समयमै सञ्चालक समिति मार्फत फोकल पर्सनलाई जिम्मेवारी दिई निर्देशिका अनुसार तपसिल अनुसारका कार्यक्रमहरु सम्पन्न गरियो ।साथै विश्वविद्यालय अनुदान आयोगको कार्यविधि अनुसार कार्यहरु निरन्तर संचालन भईरहेका छन ।

**<u>तपसिल:</u>**

१. क्याम्पसको वेवसाईट निर्माण गरी वार्षिक प्रतिवेदन र विभिन्न सुचनाहरु सम्प्रेषण गरियो

२. क्याम्पस परिसर तथा सामुदायिक सरसफाई र फोहोर व्यवस्थापन कार्यक्रम

३. जलवायु परिवर्तन न्युनिकरण तथा अनुकुल सम्बन्धी अभिमुखीकरण कार्यक्रम

४. कृषि सम्बन्धी गेष्ट लेक्चर द्धारा प्रशिक्षण कार्यक्रम

५. व्यवस्थापन संकायका विद्यार्थीहरुको लागि विभिन्न वैंकहरु संग समन्वय गरी इन्ट्रन्सिप सिपको व्यवस्था गरियो

६.विषयगत शिक्षकहरु बाट अनलाइन कक्षा संचालन

७. छात्रवृत्ति वितरण आ.व.२०८०/०८१ मा (प्रदेश सरकार,शिक्षा विकास निर्देशनालय -३ जना र यु.जि.सि.-१९ जना) र आ.व.२०८१/०८२ मा (प्रदेश सरकार,शिक्षा विकास निर्देशनालय -४ जना र यु.जि.सि.- ५ जना)

८.आन्तरिक छात्रवृत्तिलाई निरन्तरता दिईरहेको

९. डिजिटलाईजेसन कार्यक्रमको कनेक्टीभिटि अन्तर्गतका कार्यक्रमहरु सम्पन्न गरी विश्वविद्यलाय अनुदान आयोगको सम्बन्धीत निकायमा प्रगति प्रतिवेदन पेश गरियो ।

**३ भौतिक पूर्वाधार**

३.१ **जमिन तथा भौतिक संरचना**

यस क्याम्पसको स्वामित्वमा भेरीगंगा नगरपालिका ११ सेवाकेन्द्रमा १ रोपनी जग्गा दर्ता छ भने अब भवन तथा अन्य संरचना निर्माणका लागि भेरीगंगा नगरपालिकाको पछिल्लो निर्णयानुसार छुट्याईएको जग्गा करिब १० रोपनी भित्र थप आवश्यक भौतिक संरचनाहरु निर्माण भईरहेको छ र उक्त जग्गा क्याम्पसको नाममा दर्ता प्रक्रियाको लागि राष्ट्रिय भुमि आयोगमा आवश्यक कागजात सहित फाईल पेस गरिएको छ । भने हाल सम्म सेवा केन्द्रमा अवस्थित भवन निर्माण तथा अन्य संरचना तयार गर्नको लागि स्थानीय,प्रदेश,संघिय सरकार तथा संसाद विकास कोषबाट सहयोग प्राप्त भइ तपशिल अनुसार विभिन्न समयमा सहयोग प्राप्त भइ निर्माण भएको २ वटा पक्की भवनका कोठा संख्या २४ र ४ कोठे डि.वि.सि.सम्म निर्मित करिब २.५ करोड बराबरको भवन म.प. विश्वविद्यालयलाई हस्तान्तरण पछि पुन भेरीगंगा न.पा.को जम्मा ८५ लाख, विश्वविद्यालय अनुदान आयोगको १ करोड २० लाख र क्याम्पसको आन्तरिक श्रोत रु. ४९ लाख ८४ हजार ७ सय ६० गरी जम्मा २ करोड ५४ लाख ८४ हजार ७ सय ६० बाट हाल २२ कोठाको प्रशासनिक,शैक्षिक,पुस्तकालय र सभाहल सहित २३ कोठाको पक्की भवन आ.व.२०८०/०८१ ,२०८१/०८२ र २०८२/०८३ मा टेन्डर प्रकृयाबाट कार्य सम्पन्न भइहाल सोही भवन माथि उल्लेखित कार्यहरु भएको जानकारी गराइन्छ । साथै भेरीगंगा न.पा.बाट आ.व.२०८२/०८३ मा प्राप्त ३ लाख र आ.व.२०८१/०८२ मा विश्वविद्यालय अनुदान आयोगबाट ७ लाख प्राप्त भई उक्त रकमबाट प्राविधिक लागत स्टामेट अनुसार कोटेशन मार्फत कार्यालय फर्निचर,सोफा,टेबुल,कुर्सि र डेक्स बेन्च,बुक र्याक,दराज खरिद कार्य सम्पन्न भएका छन । माथि उल्लेखित सामानहरु तथा क्याम्पसका पुर्ववत तयार भएका सामानहरु लेखापरीक्षण प्रतिवेदनको अचल सम्पत्तिमा रेकर्ड अभिलेखमा उल्लेखित गरिएको छ ।

तपसिलमा उल्लेखित विभिन्न निकायबाट सहयोग प्राप्त भई काम सम्पन्न भएकोमा उक्त संरचनाहरु तथा सेवा केन्द्रमा रहेको जग्गा र निर्मित संरचना मध्यपश्चिम विश्वविद्यालय र यस क्याम्पससँग सरोकार राख्ने सम्बन्धित पक्ष बिचको सहमति अनुसार कृषि तथा पशु विज्ञान केन्द्रिय कार्यालय एवं डिन कार्यालय स्थापनाका लागि मध्यपश्चिम विश्वविद्यालयलाई हस्तान्तरण भईसकेको अवस्था छ । उक्त संरचनाहरु निर्माणका लागि हालसम्म सहयोग गर्ने विभिन्न निकायहरु एवं रकम निम्नानुसार उल्लेख गरिएको छ :

| क.सं. | सहयोगी निकाय | आर्थिक वर्ष | रकम | प्राप्त | कैफियत |
|---|---|---|---|---|---|
| १ | भेरीगंगा न पा सुर्खेत (भवन) | २०७५।०७६ | २५,००,०००। | २५,००,०००। | कार्य सम्पन्न |
| २ | विश्वविद्यालय अनुदान आयोग (भवन) | २०७५।०७६ | २५,००,०००। | २५,००,०००। | कार्य सम्पन्न |
| ३ | कर्णाली प्रदेश सरकार सामाजिक विकाश मन्त्रालय ( भवन) | २०७५।०७६ | १०,००,०००। | १०,००,०००। | कार्य सम्पन्न |
| ४ | भेरीगंगा न पा सुर्खेत (भवन) | २०७६।०७७ | २५,००,०००। | २५,००,०००। | कार्य सम्पन्न |
| ५ | कर्णाली प्रदेश सरकार सामाजिक विकाश मन्त्रालय ( भवन) | २०७६।०७७ | २०,००,०००। | २०,००,०००। | कार्य सम्पन्न |
| ६ | विश्वविद्यालय अनुदान आयोग (भवन) | २०७६।०७७ | ५०,००,०००। | ५०,००,०००। | कार्य सम्पन्न |
| ७ | संसद विकाश कोष निर्वाचन क्षेत्र न १ सुर्खेत (भवन) | २०७६।०७७ | १५,००,०००। | १२,५०,७१५। | कार्य सम्पन्न |
| ८ | संसद विकाश कोष निर्वाचन क्षेत्र न १ सुर्खेत (भवन) | २०७७।०७८ | १५,००,०००। | १३,८६,०००। | कार्य सम्पन्न |
| ९ | विश्वविद्यालय अनुदान आयोग (भवन) | २०७७।०७८ | २५,००,०००। | २५,००,०००। | कार्य सम्पन्न |
| १० | विश्वविद्यालय अनुदान आयोग (अतिरिक्त क्रियाकलाप) | २०७७।०७८ | १०,००,०००। | १०,००,०००। | कार्य सम्पन्न |
| ११ | शिक्षा विकास निर्देशनालय(ई-लाईब्रेरी) | २०७८/०७९ | २,५०,००० | २,४६,५५० | कार्य सम्पन्न |
| १२ | विश्वविद्यालय अनुदान आयोग (पाठ्यपुस्तक) | २०७८।०८९ | ५,००,०००। | ५,००,०००। | कार्य सम्पन्न |
| १३ | भेरीगंगा न पा सुर्खेत (भवन) | २०७९।०८० | ३५,००,०००। | ३५,००,०००। | कार्य सम्पन्न |
| १४ | विश्वविद्यालय अनुदान आयोग (भवन | २०७९।०८० | ५०,००,०००। | ५०,००,०००। | कार्य सम्पन्न |
| १५ | भेरीगंगा न पा सुर्खेत (भवन) | २०८०।०८१ | ५०,००,०००। | ४४,५४,०२४। | कार्य सम्पन्न |
| १६ | विश्वविद्यालय अनुदान आयोग (भवन नर्माण) | २०८०।०८१ | ७०,००,०००। | ६४,५८,६३१।५५ | कार्य सम्पन्न |
| १७. | विश्वविद्यालय अनुदान आयोग ( समतामा आधारित अनुदान) | २०८०।०८१ | ८,००,०००। | ८,००,०००। | कार्य सम्पन्न |
| १८. | कर्णाली प्रदेश सरकार सामाजिक विकाश मन्त्रालय ( पुर्वाधार विकास) | २०८१।०८२ | ५,००,०००। | ४,७७,७२५। | कार्य सम्पन्न |

| | | | | | |
|---|---|---|---|---|---|
| १९. | विश्वविद्यालय अनुदान आयोग ( फर्निचर खरिद) | २०८१।०८२ | ७,००,०००। | ७,००,०००। | कार्य सम्पन्न |
| २०. | भेरीगंगा नगरपालिका ( सि.सि.क्यामरा जडान) | २०८१।०८२ | १,५०,०००। | १,४८,००४। | कार्य सम्पन्न |
| २१. | कर्णाली प्रदेश सरकार सामाजिक विकाश मन्त्रालय ( पुर्वाधार विकास) | २०८२।०८३ | ५,००,०००। | | वाकी |
| २२। | भेरीगंगा नगरपालिका ( कार्यालय फर्निचर) | २०८२।०८३ | ३,००,०००। | | कार्य सम्पन्न भएको तर भुक्तानी पाउन वाकी |
| **जम्मा** | | | **४,६२,५०,०००।** | **४,३९,२१,६४९।५५** | |

१. नगरपालिकाबाट आ व २०७५।०७६ मा प्राप्त रकम रु २५ लाख र आ.व. २०७६/०७७ मा रु.२५ लाख, विश्वविद्यालय अनुदान आयोगबाट आ.व.२०७५/०७६ मा रु.२५ लाख,२०७६/०७७ मा रु.५० लाख,२०७७/०७८ मा रु.२५ लाख,आ.व.२०७५/०७६ मा रु.१० लाख र आ.व.२०७६/०७७ मा रु.२० लाख साथै सांसद विकास कोषबाट आ.व.२०७६/०७७ मा रु.१५ लाख,आ.व.२०७७/०७८ मा रु.१५ लाख साथै आ.व.२०७७/०७८ मा विश्वविद्यालय अनुदान आयोगबाट अतिरिक्त क्रियाकलाप संरचान निर्माणको लागि रु. १० लाख गरी जम्मा रु. २ करोड २० लाख बाट निर्माणधिन २५ कोठे २ वटा भवन,निर्माणधिन ४ कोठे भवन र अतिरिक्त खेलमैदान सम्पन्न गरी मध्यपश्चिम विश्वविद्यालय कृषि तथा वन विज्ञान क्याम्पसलाई २०७८ सालमा हस्तान्तरण गरीसकेको,

२. विश्वविद्यालय अनुदान आयोगबाट आ व २०७८।०७९ मा रकम रु ५,००,०००। (पाच लाख मात्र) पुस्तकालयका लागी प्राप्त भई पाठ्यपुस्तक खरिद गरि सकेको ।

३. कर्णाली प्रदेश सरकार शिक्षा विकास निर्देशनालय मार्फत आ.व.२०७८/०७९ मा रु. २ लाख ५० हजार प्राप्त भई ई-लाईब्रेरी सञ्चालन भएको

४. भेरीगंगा न.पां. बाट आ.व.२०७९/८० मा रु ३५ लाख र २०८०/०८१ मा रु. ५० लाख ,विश्वविद्यालय अनुदान आयोगबाट आ.व.२०७९/०८० मा रु. ५० लाख गरी जम्मा १ करोड ३५ लाख बाट १४ कोठे २ वटा भवन निर्माण सम्पन्न गरी शैक्षिक र प्रशासनिक कार्य सुचारु भएको

५. विश्वविद्यालय अनुदान आयोगबाट आ.व. २०८०/०८१ मा रु. ७० लाख बाट ४ वटा प्रशासनिक भवन,३ वटा आईटी कक्ष र १ वटा सभाहल निर्माण सम्पन्न गरी प्रशासनिक कार्य र सभाहलमा विभिन्न कार्यक्रम संचलान गरिएको छ ।

६. विश्वविद्यालय अनुदान आयोगबाट आ.व. २०८०/०८१ मा रु. ८ लाख समतामा आधारित अनुदान प्राप्त गरी विभिन्न डिजिटलाईजेसन कार्यक्रम संचालन गरी विश्वविद्यालय अनुदान आयोगमा प्रगति प्रतिवेदन पेश गरिएको ।

७. कर्णाली प्रदेश सरकार सामाजिक विकास मन्त्रालय मार्फत आ.व. २०८१/०८२ मा पुर्वाधर विकास लागि रु. ५ लाख विनियोजन भएको रकम बाट भेरीगंगा न.पा. र विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त भएको रकमबाट नबनिर्मित २ वटा भवनको १४ वटा कोठमा रंग रोगन र फर्निचर मर्मत कार्य गर्नका लागि सम्झौता गरी काम सम्पन्न गरिएको ।

८. विश्वविद्यालय अनुदान आयोगबाट आ.व. २०८१/०८२ मा फर्निचर खरिदका लागि प्राप्त रकम रु. ७ लाखबाट प्राविधिक लागत स्टामेट अनुसार फर्निचर खरिद तथा आपुर्ति कार्य सम्पन्न गरी फर्निचरहरु प्रयोगमा आएको ।

९. भेरीगंगा नगरपालिकाबाट आ.व.२०८१/०८२ मा सि.सि.क्यामरा जडानका लागि प्राप्त रकमबाट सि.सि.क्यामरा जडान गरीएको ।

१०. भेरीगंगा नगरपालिकाबाट आ.व.२०८२/०८३ मा कार्यालय सामाग्री खरिदका लागि सम्झौता गरि काम गर्ने प्रकृयामा रहेको ।

११. कर्णाली प्रदेश सरकार सामाजिक विकाश मन्त्रालय पुर्वाधार विकासबाट आ.व.२०८२/०८३ मा रु. ५ लाख विनियोजित रकमबाट क्याम्पसको प्रवेशद्धार निर्माण गर्ने गरी प्रक्रृया अगाडी बढाईएको छ ।

माथी उल्लेखित भवन निर्माण का लागी रकम विभिन्न निकाय बाट प्राप्त भई निर्माण कार्य सम्पन्न भएतापनि यस हिमशिखर बहुमुखी क्याम्पसको स्वामित्वमा रहेको भवन यहा का सर्वदलिय समिति, राजनितिक दल, क्याम्पस प्रशासक र स्थानिय निकाय लेकवेसी र भेरीगंगा न.पा. को सहमतीमा मध्यपश्चिमाञ्चल विश्वविद्यालय कृषि तथा बन बिज्ञान लाई हस्तान्तरण गरी हाल क्याम्पस भवनको लागि भेरीगंगा नगरपालीकाबाट र विश्वविद्यालय अनुदान आयोगबाट रकम प्राप्त भई भवन निर्माण कार्य सम्पन्न भएको र प्रशासनिक काम,कार्य र छात्रा वासको लागि कोठा अपुग भएको हुदा भवन निर्माणको लागि आवश्यक रकम प्रविधिक लागत स्टमेट अनुसार उपलब्ध गराउनको लागि प्रस्ताव पत्र सहित विश्वविद्यालय अनुदान आयोगमा रकम माग गर्ने अनुरोध गर्ने । साथै संघ, प्रदेश र स्थानिय सरकारलाई अनुरोध गर्ने ।

### ३.२ भवन तथा अन्य भौतिक संरचना

स्थानीय प्रदेश संघिय सरकार तथा संसाद विकास कोषबाट सहयोग प्राप्त भइ तपशिल अनुसार विभिन्न समयमा सहयोग प्राप्त भइ निर्माण भएको २ वटा पक्की भवनका

### ३.२ पुस्तकालय भवन तथा पुस्तकहरु

विद्यार्थीको अनुपातमा पर्याप्त पूस्तकहरुको व्यवस्था गर्न सकिएको देखिदैन । पुस्तकालय भवन पनि नभएको र ११५० थान मात्र पुस्तकहरु रहेको छ । आगामी दिनमा क्याम्पसमा एक व्यवस्थित, पर्याप्त पाठ्यपुस्तक र सन्दर्भ सामग्री, सुविधा र प्रविधि सम्पन्न बनाउँदै लैजानु पर्ने आवश्यकता रहेको र २०७८/०७९ मा विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त रु. ५,००,०००। रकम बाट पुस्तक खरिद गरि पुस्तकालय स्थापना गरि विद्यार्थीहरुको पठनपाठनलाई सहज बनाईएकोछ साथै नयाँ पाठ्य पुस्तक मागको लागि संघ, प्रदेश र स्थानिय सरकार लगायत विभिन्न संघ संस्थालाई अनुरोध गर्ने ।

### ३.३ फर्निचरको स्थिति

क्याम्पसमा उपलब्ध रहेका भवनहरुमा आधारभूत आवश्यकताका फर्निचरहरु उपलब्ध रहेता पनि शिक्षण सिकाईमैत्री फर्निचर, लेक्चरबोर्ड, स्टेज, चकबोर्ड, ह्वाइटबोर्ड, दराज, टेवल कुर्सी लगायतका सहायक सामग्रीहरुको अझै पनि अभाव नै रहेको छ । यस बाहेक क्याम्पसमा सीमित संख्यामा कम्प्युटर सुविधा उपलब्ध रहेता पनि सबै विभाग र विद्यार्थीलाई सेवा र सुविधा दिन सकिएको छैन । साथै आ.व. २०७५/०७६ मा सामुदायिक अध्ययन केन्द्र बाट फर्निचर निर्माण वापत रु .६०,०००। प्राप्त भई विभिन्न कारणले फर्निचर निर्माण गर्न वाकिं रहेकोमा हाल यो वर्ष फर्निचर निर्माण गरी प्रयोगमा ल्याईसकेको छ । साथै फर्निचर खरिदको लागि विश्वविद्यालय अनुदान आयोगबाट गत वर्ष रु. ७ लाख प्राप्त गरी प्रयाप्त मात्रामा फर्निचर खरिद कार्य खरिद प्रकृया पुरा गरी प्राविधिक लागत स्टामेट अनुसार खरिद सम्पन्न गरी प्रयोगमा आईसकेको र कार्यालय व्यवस्थापन सामाग्री तथा सहायक सामग्रीहरु, खानेपानी तथा शौचालय, विद्युत तथा सञ्चार, छात्रावास सुविधा, खेलमैदान, प्रयोगात्मक कक्षा र प्रयोगशाला आदिलाई थप व्यवस्थित गर्नुपर्ने देखिएको छ ।

### ४. आर्थिक तथा वित्तीय स्थिति

यस क्याम्पसको आर्थिक स्रोतका रुपमा आन्तरिक तर्फ विद्यार्थीबाट उठने शुल्क र अनुदानका श्रोतका रुपमा विश्वविद्यालय अनुदान आयोग,संघिय सरकार,प्रदेश सरकार र स्थानिय पालिकालाई लिने गरिन्छ । यसरी उपलब्ध हुने आर्थिक स्रोतको तीन वर्षको लेखा परीक्षण प्रतिवेदन अनुसार वार्षिक आय र व्यवको संक्षिप्त विवरण निम्नानुसार रहेको देखिन्छः ।

**तालिका न ४. बार्षिक आय र ब्ययको विवरण**

| क.स | विवरण | आ.व | | |
|---|---|---|---|---|
| | | २०७९/०८० | २०८०।०८१ | २०८१।०८२ |
| १. | आम्दानी | १,१९,४०,०९३.६५ | २,४९,३७,२३८.२५ | २,०१,३६,७२५।५८ |
| २. | खर्च | ८६,८४,५९०.५७ | १,५७,३९,७२६।२२ | १,४९,४८,१८४।३३ |
| ३. | सन्तुलन | ३२,५५,५०३.०८ | ९१,९७,५१२।०३ | ५१,८८,५४१।२५ |

**४.१ आम्दानीका स्रोतहरु**

यस क्याम्पसका नियमित तथा अनुदान गरी दुई प्रकारका आम्दानीका स्रोतहरु रहेका छन् । नियमित स्रोत अर्न्तगत पनि आन्तरिक तथा बाह्य गरी दुई प्रकारका आम्दानीका स्रोतहरु रहेका छन् ।

४.२ **नियमित स्रोत** (**आन्तरिक तथा बाह्य**)

क्याम्पसको नियमित आम्दानीको श्रोतको रुपमा विद्यार्थीहरुबाट उठ्ने शुल्क र विश्वविद्यालय अनुदान आयोगको नियमित अनुदान रहेको छ ।

४.३ **अनुदान स्रोत**

यस क्याम्पसको अनुदान स्रोत तर्फ विश्वविद्यालय अनुदान आयोग, भेरीगंगा नगरपालिका,कर्णाली प्रदेश सरकार र संघिय सरकारबाट प्राप्त आम्दानी रहेको छ ।

४.४ **प्रतिविद्यार्थी लागतको अवस्था**

प्रतिविद्यार्थी वार्षिक लागत विश्लेषण गर्दा प्रति विद्यार्थी रु २२१०५।५० हुन आँउछ । अर्थात् एक जना विद्यार्थीलाई वार्षिक रुपमा बाईस हजार एक सय पाँच रुपया पचास पैसा लगानी रहेको छ । साथै २०८१ कार्तिक २२ गते बसेको सञ्चालक समितिको निर्णयमा प्रस्तावित शुल्क परिमार्जन सम्बन्धमा १२ औ क्याम्पस सभाले २०८१ को प्रतिवेदन सुझाव सहित पारित भएको र २०८२ श्रावण देखी क्रमश लागु हुनेगरी तपसिल अनुसारको रकम प्रस्ताव गरिएको छ

तपशिल :

| क.स | संकाय/वर्ष | | | |
|---|---|---|---|---|
| | | भर्ना | मासिक | कैफियत |
| १. | वि.वि.एस प्रथम वर्ष | ६००० | ७०० | |
| २. | वि.वि.एस दोस्रो वर्ष | ६००० | ८०० | |
| ३. | वि.वि.एस तेस्रो वर्ष | ६००० | ९०० | |
| ४. | वि.वि.एस चौथो वर्ष | ६००० | १००० | |
| ५. | वि.एड प्रथम वर्ष | ६००० | ६०० | |
| ६. | वि.एड दोस्रो वर्ष | ६००० | ७०० | |
| ७. | वि.एड तेस्रो वर्ष | ६००० | ८०० | |
| ८. | वि.एड चौथो वर्ष | ६००० | ९०० | |

**नोट स्नातक तह शिक्षाशास्त्र संकायका कुनै पनि वर्षमा अङ्ग्रेजी,स्वास्थ्य र व्यवहारिक लेखन तथा सम्पादनको प्रयोगात्मक परीक्षा शुल्क रु. १००० र  शिक्षाशास्त्र संकाय चौथो वर्षको नेपाली अनुसन्धान र व्यवस्थापन संकाय चौथो वर्षको प्रोजेक्ट रिपोर्ट शुल्क रु.१५०० हुनेछ साथै माथि उल्लखित सबै शुल्कहरु २०८२ श्रावण देखि  क्रमश लागु गरिने छ।**

### ४.५ विद्यार्थी कल्याणकारी तथा छात्रवृत्ति

यस क्याम्पसले अध्ययनरत विद्यार्थीहरु मध्ये केहीलाई निःशुल्क र केहीलाई छात्रवृत्ति समेत प्रदान गर्दै आएको छ। जस अनुसार गरीव, जेहेन्दार र मेरिटका आधारमा छात्रवृत्ति दिने ब्यबस्था गरिदै आएको छ। साथै विश्वविद्यालय अनुदान आयोगबाट उच्च शिक्षा अध्ययन छात्रवृत्ति व्यवस्थापन  निर्देशिका अनुसार २०८०/०८१ मा १९ जना र २०८१/०८२ मा ५ जना साथै कर्णाली प्रदेश सामाजिक विकास मन्त्रालय अर्न्तगत शिक्षा विकास निर्देशनालय मार्फत २०८१/०८२ मा ४ जना छात्रवृत्ति पाउने विद्यार्थी रहेको छन। भने क्याम्पसको आन्तरिक श्रोतबाट पनि प्रत्येक वर्ष पुर्ण र आंशिक छात्रवृत्ति गरी १२ जनालाई दिने व्यवस्था रहेको छ।

### ४.६ अचल सम्पति

यस क्याम्पसमा स्थापनाकाल देखि हाल सम्म विभिन्न निकाय जस्तै विश्वविद्यालय अनुदान आयोग,संघिय सरकार,प्रदेश सरकार,भेरीगंगा नगरपालिका र क्याम्पसको आन्तरिक स्रोतबाट निर्माण तथा खरिद गरिएका अचल सम्पत्तिहरु तपसिल अनुसार रहेको देखिन्छ।

| सि.न. | विवरण | एकाई | परिमाण | एकाई मूल्य | जम्मा मूल्य |
|---|---|---|---|---|---|
| १ | भवन | वटा | २ | | |
| २ | सोफासेट | थान | १२ | | |
| ३ | अफिस टेबल | थान | ६ | | |
| ४ | अफिस कुर्ची | थान | ५ | | |
| ५ | डेस्क बेन्च सेट(विद्यार्थी) | थान | १०६ | | |
| ६ | डेस्क बेन्च सेट (राउण्ड) | थान | ५० | | |
| ७ | स्टिल दराज | थान | ३ | | |
| ८ | कम्प्युटर टेबल | थान | २ | | |
| ९ | टि-टेबल | थान | ८ | | |
| १० | डेस्कटप कम्प्युटर | थान | २ | | |
| ११ | ल्यापटप | थान | ४ | | |
| १२ | प्रोजेक्टर | थान | १ | | |
| १३ | प्रिन्टर | थान | २ | | |
| १४ | प्लास्टिक कुर्ची | थान | १०६ | | |
| १५ | फलामको कुर्ची | थान | ५३ | | |
| १६ | पानी फिल्टर | थान | १ | | |
| १७ | घण्टी | थान | १ | | |
| १८ | सेतो पाटी | थान | ९ | | |
| १९ | सुचना पाटी | थान | १ | | |
| २० | वाइफाइ | थान | १ | | |
| २१ | सि सि टिभी सेट | थान | १ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २२ | माइक सेट | थान | १ | | |
| २३ | टेबुल घण्टी | थान | २ | | |
| २४ | टेलीफोन | थान | १ | | |
| २५ | पञ्चीङ मेसिन | थान | १ | | |
| २६ | स्टिच मेसिन | थान | ३ | | |
| २७ | छाप | थान | १० | | |
| २८ | नेम प्लेट | थान | ८ | | |
| २९ | पानी टंकी | थान | १ | | |
| ३० | सिलिङ पंखा | थान | ११ | | |

## ५. क्याम्पसको सवल पक्ष, दुर्लभ पक्ष, अवसर, चुनौति र भावि योजना

हिमशिखर बहुमुखी क्याम्पस भेरीगंगा न.पा रामघाट को ५ वर्षे रणनैतिक योजना तर्जुमा गोष्ठीमा सहभागी सरोकारवालाहरुको सामुहिक छलफल र अन्तर्क्रियाका आधारमा रणनैतिक योजनाको आधार तय गर्नका लागि संस्थाका सवल, दुर्वल, चुनौति र अवसरका पक्षहरुको विश्लेषण निम्नानुसारले गरिएको छ :

### ५.१ सवल पक्ष

- दक्ष,अनुभवी र विषयगत कुशल प्राध्यापकहरुको व्यवस्थापन भएको ।

- किफायती शुल्कमा गुणस्तर शिक्षा उपलब्ध गराईने ।

- क्याम्पस वेवसाईट निर्माण गरी सूचना व्यवस्थित गरिएको ।

- छोटो समयमै समतामा आधारित अनुदान कार्यक्रम लागु गर्न सफल ।

- डिजिटलाईजेसन कार्यक्रम आ.व.२०८१/०८२ देखी लागु गर्न विश्वविद्यालय अनुदान आयोगमा स्वीकृति भई कार्यक्रम कार्यान्वयन गरिएको ।

- क्याम्पसको अवस्थिति राम्रो हुनु ।

- भवनहरु विस्तार गर्नका लागि आवश्यक ठाँउ उपलब्ध हुनु ।

- वार्षिक १०० भन्दा बढी विद्यार्थी अध्ययनका लागि आउने क्रम विद्यमान हुनु ।

- अध्ययनका लागि बाहिरी जिल्लाबाट आकर्षण बढ्दै जानु ।

- बस्नका लागि उपयुक्त, सरल र सस्तो सुविधा उपलब्ध हुनु ।

- सहज र सुगम रुपबाट लोकसेवा आयोगबाट सेवा प्राप्त गर्ने अवसर ।

- अध्ययन अध्यापनका लागि अनुकूल हावापानी रहनु ।

- सुरक्षित र शान्तिपुर्ण वातावरण विद्यमान हुनु ।

- क्याम्पसको catchment क्षेत्रको शैक्षिक अवस्था सवल हुनु ।

-  संचालक समितिको  उच्च क्रियाशीलता हुनु ।

- हाल सम्म यस क्याम्पसबाट स्नातक तह उर्तिण गरी १०० औ विद्यार्थीहरु रोजगारीमा हुनु

- सरोकार वाला पक्षको सक्रिय सहभागिता र सहयोग हुनु ।

**५.२  दुर्लभ पक्षहरु**

- विद्यार्थीहरुको उपस्थिति नियमित नहुनु ,

- कक्षाकोठा,पुस्तकालयमा आवश्यक सामाग्रीको कमी

- नयाँ प्रविधि भित्र एकिकृत शिक्षण पद्धतिको अभाव

- अनुसन्धानका गतिविधि कम हुनु

- क्याम्पस व्यवस्थापनमा दिगो योजनाको अभाव

- विद्यार्थी उत्तीर्ण प्रतिशत सन्तोषजनक  नहुनु ,

- कमजोर पृष्ठभुमिका विद्यार्थी भर्ना हुनु ,

- अध्यापन कार्य गर्न अपेक्षित वातावरण नहुनु ,

- परिवर्तित पाठ्यक्रम अनुसार त्रि.वि ले प्रध्यापकहरुलाई प्रशिक्षित नदिनु ,

- त्रि.वि.ले शैक्षिक क्यालेण्डर बनाउन नसक्नु र निर्माण भए पनि कार्यन्वयन गर्न नसक्नु ,

- विद्यमान वातावरणका कारणले शिक्षण सिकाई प्रक्रियामा सुष्तता हुनु ,

- विद्यार्थीहरु  (Droup Out) हुनु ।

**५.३  अवसरहरु**

- स्थानिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरुसंग सहकार्य विस्तार,

- आधुनिक डिजिटल शिक्षण पद्धती लागु गर्ने,

- नयाँ शैक्षिक कार्यक्रम थप्ने सम्भावना,

- अनुसन्धान तथा इन्टर्नसिप कार्यक्रम विस्तार,

- स्थानिय निकाय संग सहकार्य गरेर सामुदायिक विकासमा योगदान गर्ने,

- विद्यार्थी भर्ना वृद्धि तथा विविध पृष्ठ भुमिका विद्यार्थी आर्कषित गर्ने,

- आईसिटि,रोजगार उन्मुख तथा व्यवहारिक विषय थप्ने अवसर ।

- उच्च शिक्षाको अवसर घर आँगनमा प्राप्त गर्ने ।

## ५.४ चुनौतिहरु

- विद्यार्थी सख्या घटदै जाने समस्या( प्रतिस्पर्धी निजि कलेजहरुका कारण)

- गुणस्तरीय शिक्षा र नियमित कक्षाको अपेक्षा पुरा गर्नुपर्ने दवाव ।

- प्रविधिको तेज गतिमा आएको प्ररिवर्तनलाई शिक्षणमा लागु गर्न कठिनाई ।

- आर्थिक श्रोतको अभाव ।

- राजनितिक हस्तक्षेप र अवाञ्छित गतिविधि ।

- परीक्षा परिणाम प्रकाशनमा ढिलाई ।

- ग्रामिण क्षेत्रका क्याम्पसमा विद्यार्थीको शैक्षिक पृष्ठभूमि कमजोर हुन ।

- भौतिक संरचना सुधार गर्न प्रयाप्त बजेट नहुनु ।

## ५.५ भावी शैक्षिक,भौतिक र मानवसंसाधन तर्फका योजना/कार्यक्रमहरु :

१.समतामा आधारित कार्यक्रमलाई यु.जि.सि. ले तोके अनुसार सन् २०२६ सम्म निरन्तर दिने ।

२.डिजिटलाईजेसनको कार्यक्रमलाई यु.जि.सि.ले तोके एंव निर्देशन अनुसार संचालन गर्ने,

३.QAA को कार्यक्रम संचालन गर्ने

४.मध्यपश्चिमाञ्चल विश्वविद्यालयमा हिमशिखर बहुमुखी क्याम्पसलाई समायोजनका लागि थप प्रकृया अघि बढाउने

५.शुल्क परिमार्जन लाई व्यवस्थित गर्न २०८२ श्रावण देखी लागु गर्ने

६.स्नातकोत्तर तह पठन-पाठनका लागि प्रक्रिया अघि बढाउने

७.शिक्षक विद्यार्थीहरुको नियमित उपस्थिति र नियमित पठन-पाठनका लागि मल्टीमिडिया सिस्टम लागु गर्ने

८. भौतिक पुर्वाधार निमार्ण गर्ने ।

९.क्याम्पसको शौक्षिक क्रियाकलापलाई प्रविधिमैत्री बनाउनको लागि उपकरण खरिद अनुदान मागको लागि प्राविधिक लागत स्टमेट अनुसार प्रस्ताव पत्र विश्वविद्यालय अनुदान आयोगमा पेश गर्ने ।

१०.क्याम्पस हाता भित्र सुरक्षाका लागी वाल पर्खालको व्यवस्था गर्ने

११.क्याम्पस हाताभित्र फूलबारी मैत्री बनाउने

१२.क्याम्पसलाई भौतिक,शैक्षिक तथा प्रशासनिक रुपमा योगदान दिने व्यक्ति तथा संघ संस्थाहरुलाई प्रोत्साहनको निरन्तरता गर्ने

१३.यस क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुको पठन-पाठनलाई सहज बनाउन क्याम्पसबाट आन्तरिक श्रोतबाट प्रत्येक वर्ष १२ जनालाई छात्रवृत्ति प्रदान गर्दे आएको र २०८०/०८१ मा यु.जि.सि. बाट १९ जना,२०८१/०८२ मा ५ जना र शिक्षा विकास निर्देशनालय बाट २०८१/०८२ मा ४ जनालाई छात्रवृत्ति उपलब्ध भएकोमा यसलाई थप व्यवस्थित गर्ने

१४.भारतीय राजदुतावासमा भवन निर्माण र क्याम्पस बस व्यवस्थाका लागि पहल गर्ने

१५. व्यक्तिगत/समूहगत विचारधाराका विविधता लाई समेटी व्यवस्थापन गर्ने ।

१६.क्याम्पस प्रति सरोकारवालाहरुको सहभागिता वृद्धि गर्ने ।

## ६ .वास्तविक र प्रस्तावित आर्थिक पक्षको खाका

### हिमशिखर बहुमुखी क्याम्पस
### भेरीगंगा -११ रामघाट,सुर्खेत

| प्रशासनिक तथा व्यवस्थापन खर्च | वास्तविक रकम | | प्रस्तावित रकम |
|---|---|---|---|
| विवरण | आ.व. २०८०।०८१ | आ.व. २०८१।०८२ | आ.व. २०८२।०८३ |
| सेमिनार तथा कार्यशाला गोष्ठी | ५९,५१०.०० | ३४,१८०.०० | ४०,१३१.०० |
| नविकरण शुल्क | ९६,७१०.०० | | ९,६७१.०० |
| प्रयोगात्मक खर्च | ४२,९३५.०० | ५३,१४५.०० | ५७,४३८.५० |
| कार्यक्रम फरफारक खर्च | ९५,१५०.०० | ११०,०००.०० | ११९,५१५.०० |
| मसलन्द खर्च | ४३,१२१.२८ | ३८,९९५.०० | ४३,३०७.१३ |
| यातायात तथा संचार खर्च | २४,०००.०० | २०,०००.०० | २२,४००.०० |
| परीक्षा खर्च | २२,४००.०० | ४२,३३७.०० | ४४,५७७.०० |
| विज्ञापन तथा प्रचारप्रसार खर्च | १३,८७०.०० | १७,४७५.०० | ३८,८६२.०० |
| रङ्रोगन खर्च | ४०,८००.०० | ६०२,२९८.०१ | ८०६,३७८.०१ |
| क्याम्पस परिसर सरसफाई खर्च | १२,८००.०० | ८,७००.०० | ९,९८०.०० |
| खानेपानी तथा विद्युत महशुल भुक्तानी | ६२,४४२.५१ | ३८,२२३.३२ | ४४,४६७.५७ |
| सहयोग | २७,४२१.०० | ५,०००.०० | २७,४४८.८० |
| इमेल ईन्टरनेट खर्च | ९,७५०.०० | १२,०००.०० | १२,९७५.०० |
| विद्युत सामग्री खरिद | १३,१५०.०० | २,१४५.०० | २३,४६०.०० |
| रजिष्ट्रेशन शुल्क दाखिला | ६१,०००.०० | ५१,०००.०० | ५७,१००.०० |
| परीक्षा फारम शुल्क | ३१५,७५०.०० | ६०५,४१०.०० | ६३६,९८५.०० |
| सेवाशुल्क | ११५,२५०.०० | ९८,५००.०० | ११०,०२५.०० |
| केन्द्र शुल्क | ४६,७००.०० | - | २०४,६७०.०० |
| अनुगमन खर्च | २३,६१०.०० | १६,०१०.०० | ३८,३७१.०० |
| भारतिय राजदुतावास प्रस्ताव पत्र पेश | ६५,०००.०० | - | ५६,५००.०० |
| पब्लिक क्याम्पस संघ अधिवेशन सहभागी खर्च | २०,७८०.०० | ५,०००.०० | ५७,०७८.०० |
| लेखापरीक्षण शुल्क | ३६,५०७.५० | ३८,७३०.०० | ४२,३८०.७५ |
| शैक्षिक अवलोकन खर्च | ७३,२६०.०० | १३,७००.०० | ७१,०२६.०० |
| विषय थप सम्भाव्यता खर्च | १०९,२००.०० | - | ११०,९२०.०० |
| वैठक खर्च | ११,५२०.०० | ११,२००.०० | १२,३५२.०० |
| अतिथि सत्कार खर्च | ३४,१६०.०० | १८,६८५.०० | २२,१०१.०० |
| कर दाखिला | ५६०.०० | - | ११,९०३.०० |
| विश्वविद्यालय अनुदान आयोग रकम फिर्ता | १११,७१५.०० | ३४४,१६७.२० | - |
| भवन नक्सा निर्माण खर्च | २८,०००.०० | ५५,७३९.९१ | ९८,५३९.९१ |
| क्याम्पस वेवसाईट निर्माण खर्च | ४५,२००.०० | - | ४,५२०.०० |
| बैंक चार्ज | २००.०० | - | २०.०० |
| भवन निर्माण कन्सल्टेन्सी खर्च | १९३,७१३.०० | १६८,८४४.०० | १८८,२१५.३० |
| विविध | ५,७२०.०० | ४,२००.०० | ४,७७२.०० |
| प्रोजेक्ट रिपोर्ट शुल्क | - | ४,९५०.०० | ४,९५०.०० |
| मर्मत संभार खर्च | - | १९,०३५.०० | ६९,०३५.०० |
| क्याम्पस सभा खर्च | - | २८,९८०.०० | ७८,९८०.०० |
| अभ्यास शिक्षण खर्च | - | ८७,०३०.०० | ८७,०३०.०० |

## हिमशिखर बहुमुखी क्याम्पस

**भेरीगंगा -११ रामघाट,सुर्खेत**

**वास्तविक र प्रस्तावित आम्दानी र खर्च**

| विभिन्न निकायबाट अनुदान आम्दानी | वास्तविक रकम | | प्रस्तावित रकम |
|---|---|---|---|
| विवरण | आ.व. २०८०।०८१ | आ.व. २०८१।०८२ | आ.व. २०८२।०८३ |
| नियमित अनुदान विश्वविद्यालय अनुदान आयोग | १,३४५,६००.०० | १,३६५,०००.०० | १,६००,०००.०० |
| भवन निर्माण विश्वविद्यालय अनुदान आयोग | ६,०००,०००.०० | २,९५८,६३१.५५ | ११,०००,०००.०० |
| भवन निर्माण भेरीगंगा नगरपालिका | ४,४९४,०२४.०० | १४८,००४.०० | ५,२००,०००.०० |
| शिक्षा विकास निर्देशनालय अनुदान | - | ४७७,७२५.०० | |
| फर्निचर निर्माण वापत अनुदान | ८००,०००.०० | ७००,०००.०० | ४,०००,०००.०० |
| जम्मा | १२,६३९,६२४.०० | ५,६४९,३६०.५५ | २१,८००,०००.०० |

| क्याम्पस स्रोत आम्दानी | वास्तविक रकम | | प्रस्तावित रकम |
|---|---|---|---|
| विवरण | आ.व. २०८०।०८१ | आ.व. २०८१।०८२ | आ.व. २०८२।०८३ |
| भर्ना शुल्क | १,२६८,०५०.०० | १,१७९,४५०.०० | १,४१५,३४०.०० |
| परीक्षा आवेदन फारम शुल्क | २१२,८००.०० | ४७१,१००.०० | ५६५,३२०.०० |
| शिक्षण शुल्क | १,६४४,२००.०० | २,४७३,३००.०० | २,९६७,९६०.०० |
| सेवा शुल्क | १०२,०००.०० | १६६,०००.०० | १९९,२००.०० |
| अभ्यास शिक्षण शुल्क | १४,३५०.०० | १३७,३५०.०० | १६४,८२०.०० |
| केन्द्र शुल्क | १५१,५००.०० | ३३७,०००.०० | ४०४,४००.०० |
| रजिष्ट्रेशन शुल्क | ६६,२५०.०० | ५१,३५०.०० | ६१,६२०.०० |
| प्रयोगात्मक शुल्क | ३७,५००.०० | ६२,०००.०० | ७४,४००.०० |
| अनुसन्धान शुल्क | ६६,०००.०० | ६४,५००.०० | ७७,४००.०० |
| व्यवहारीक लेखन तथा सम्पादन शुल्क | ३७,०००.०० | ३९,०००.०० | ४६,८००.०० |
| प्रमाण पत्र | ४५,०००.०० | ६६,०००.०० | ७९,२००.०० |
| धरौटी वापत आम्दानी | - | ४८,०००.०० | ७५,०००.०० |
| दाउरा विक्री वापत आम्दानी | | ३,५००.०० | ४,५००.०० |
| जम्मा | ३,६४४,६५०.०० | ५,०९८,५५०.०० | ६,१३५,९६०.०० |

| जनशक्ति व्यवस्थापन खर्च | वास्तविक रकम | | प्रस्तावित रकम |
|---|---|---|---|
| विवरण | आ.व. २०७९।०८० | आ.व. २०८१।०८२ | आ.व. २०८२।०८३ |
| तलब भत्ता खर्च | ३,४९४,७३५.६४ | ३,६९५,६९७.७० | ५९,१३१,१६३.२० |
| जम्मा | ३,४९४,७३५.६४ | ३,६९५,६९७.७० | ५९,१३१,१६३.२० |

अन्तमा यस क्याम्पस सभामा उपस्थित भई कार्यक्रम सफल बनाउन सहयोग गर्नु हुने प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यू,आमन्त्रित अतिथिज्यूहरु,क्याम्पस सभाका सदस्यज्युहरु,क्याम्पस संचालन समितिका संस्थापक सदस्यहरु तथा वर्तमान सञ्चालक समितिका सदस्यज्युहरु, यस क्याम्पस सेवा क्षेत्रभित्रका माध्यामिक तह व्यवस्थापन समितिका अध्यक्ष तथा प्रधानाध्यापकज्युहरु साथै अभिभावक,शिक्षक,कर्मचारी तथा विद्यार्थी एव्म उपस्थित अन्य महानुभावहरु सबैमा यस क्याम्पसको तर्फबाट हार्दिक धन्यवाद दिदै क्याम्पस सभाका सदस्यहरु बाट आवश्यक छलफल सुझावसहित यो प्रतिवेदन पारित गरिदिनुहुन हार्दिक अनुरोध गदै यो प्रतिवेदन अन्त गर्दछु धन्यवाद !

**<u>प्रतिवेदन प्रस्तुतकर्ता</u>**
धनसिंह खड्का
क्याम्पस प्रमुख
मिति : २४ मंसिर २०८२